**कार्यपालिकाको निर्णयहरु :**

१. नेपालीहरुको महान चाँड बडा दशैं २०७५, दिपाली २०७५ तथा छठ पर्व २०७५, लोसार पर्व २०७५ को उपलक्ष्यमा सिद्धचरण नगरपालिकाका सम्पूर्ण नगरबासीहरुलाई सु-स्वास्थ्य, दिर्घायु र प्रगतीको कामाना गर्दै शुभकामना आदान-प्रदान गर्ने निर्णय गरियो ।

२. आ.व. २०७५।०७६ को लागि नगर कार्यपालिकाबाट तयार गरिएको वार्षिक खरिद योजना तथा वार्षिक कार्ययोजना पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९२, मिति २०७५।०६।०१ को पत्रबाट भवन आचार संहिता कार्यान्वयन सम्बन्धमा लेखि आएको हुँदा सो अनुसार आचार संहिता यस कार्यालयको भवन तथा बस्ती विकास उपशाखा शहरी पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३९, मिति २०७५।०६।१० को पत्रबाट लेखि आएअनुसारको नगरपालिको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड पालन गर्ने निर्णय गरियो ।

५. केन्द्रीय आयोजना कार्यान्वयन इकाईको च.नं. २०५, मिति २०७५।०६।१५ बाट लेखि आएअनुसार उक्त इकाईको निर्णय नं. ११ शहरी पूर्वाधार विकास शाखा मार्फत कार्यान्वय गर्ने निर्णय गरियो ।

६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १२८, मिति २०७५।०६।०२ को पत्रबाट लेखि आएअनुसार निजी आवास तथा पुर्निर्माण सम्बन्धी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको बैठकका निर्णयहरु सो सम्बन्धी निर्देशिका तयार भएपछि कार्यान्वय गर्दै जाने निर्णय गरियो ।

७. सशस्त्र प्रहरी बल नेपाल गुल्म ओखलढुंगाको च.नं. ३४, मिति २०७५।०६।२२ को पत्रबाट आवश्यक जस्तापाता उपलब्ध गराई दिने भनि अनुरोध भई आएको सन्दर्भमा उक्त गुल्मलाई ५ बण्डल जस्तपाता र किला काटा उपलब्ध गराउने निर्णय गरियो ।

८. नगरपालिका अन्तर्गतका स्वास्थ्य केन्द्रमा सञ्चालित वर्थिङ सेन्टरमा काम गर्ने स्वास्थ्य कर्मीहरुलाई प्रति वर्थिङको रु.१,०००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

९. जिल्ला आयुर्बेद कार्यालयमा कार्यरत कार्यालय सहयोगी एकराज दाहाल र सिर्जना घिमिरेलाई यस आर्थिक वर्ष २०७५।०७६ को लागि सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

१०. यस आ.व.मा जिल्ला आयुर्बेद कार्यालयबाट सञ्चालन गर्ने आयुर्बेद गाउँघर क्लिनिक यस नगरपालिकाको वडा नं. २ निशंखेमा सञ्चालन गर्ने निर्णय गरियो ।

११. साविक महिला विकास कार्यालय खारेज भई ताहाँबाट गरिने काम जिल्लाका स्थानीय तहमा महिला शाखाकोरुपमा सञ्चालन भई आएको र उक्त कार्यालयमा कार्यरत कर्मचारीहरु विभिन्न स्थानीय तहमा कार्यरत रहेको र उक्त भवन खाली भएको साथै यस नगरपालिकामा विषयगत शाखाहरु पनि स्थापना भईसकेको र काम गर्ने ठाउँको अभाव भएको यथार्थलाई मध्येनजर गरी उक्त भवनमा महिला विकास शाखा, शिक्षा शाखा र स्वाथ्य शाखा स्थापना गर्नु पर्ने जरुरी देखिएको सन्दर्भमा उक्त भवन नगरपालिकालाई उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय ओखलढुंगा र जिल्ला समन्वय समितिको कार्यालय ओखलढुंगालाई अनुरोध गरी उक्त भवन नगरपालिकाले प्रयोग गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकाका नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठ मिति २०७५।०६।३१ गतेदेखि निजी कामको सिलसिलामा अष्ट्रेलिया जानु हुने हुँदा वहाँको भ्रमणको सफलताको कामना गर्दै वहाँ बाहिर रहने अवधिमा यस नगरपालिकाका उपप्रमुख श्री इच्छा कुमारी गुरुङलाई कार्यवाहक नगर प्रमुखको जिम्मेवारी दिने निर्णय गरियो ।